का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २४१
- ५ कात्तिक २०७८, शुक्रबार
- 22 October 2021, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# एमालेमा फेरि खटपट

दश बुँदे सहमति माधव नेपालका लागि भएको अध्यक्ष केपी शर्मा ओलीको अभिव्यक्ति पछि नेकपा एमालेमा फेरि खटपट देखिएको छ । माधव नेपालले बनाएको पार्टीमा नगएर दश बुँदे गरी एमालेमै बसेका नेताहरुले एमालेको स्थायी कमिटी बैठकमा प्रश्न उठाए ।



**दीवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ कात्तिक ।

गएको २ भदौमा विभाजन भएको नेकपा एमालेमा फेरि खटपट देखिएको छ । बुधबार बागमती प्रदेश कमिटी आयोजक कमिटीको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले दश बुँदे सहमति माधव नेपालका लागि भएको बताएपछि एमालेमा खटपट देखिएको हो । अध्यक्ष ओलीले एमालेमा अब दश बुँदेको एकतारे आवश्यक नभएको बताएका थिए । सँगै, ओलीले माधव नेपालले पार्टी नफुटाओस् भनेर मात्रै दश बुंदे गरेको बताएका थिए ।

अध्यक्ष ओलीको यस्तो अभिव्यक्तिप्रति उपाध्यक्ष भीम रावल र उपमहासचिव घनश्याम भूसालले बुधबार नै आपत्ति जनाएका थिए । उपाध्यक्ष रावलले दश बुँदे संस्थागत भइसकेका बेला यस्तो अभिव्यक्ति आउन नहुने सामाजिक सञ्जालमा लेखेका थिए । उनले दश बुँदे सहमति एकतारे नभएर एघार तारे भएको पनि उल्लेख गरेका थिए । रावलजस्तै उपमहासचिव भूसालले पनि ओलीको अभिव्यक्तिप्रति आपत्ति जनाएका थिए । उनले भद्दा भौतिकवादको संज्ञा दिएका थिए ।

बिहीबार शुरु भएको स्थायी कमिटी बैठकमा पनि ओलीको अभिव्यक्तिप्रति नेताहरुले आपत्ति जनाए । स्थायी कमिटी सदस्यले दश बुँदे सहमतिबारे लामै प्रश्न गरेका थिए । दश बुँदे सहमति माधव नेपाल एमालेमा नबसे पनि कार्यान्वयन गर्ने ओलीको अभिव्यक्ति समेत पन्तले सम्झाएका थिए । पार्टीभित्र बाँकी पृष्ठ २ मा

## दशौं महाधिवेशन चितवनमा

काठमाडौं/रासस- प्रमुख विपक्षी दल नेकपा एमालेको दशौं महाधिवेशन चितवनमा हुने भएको छ । बिहीबार च्यासलस्थित तुलसीलाल स्मृति भवनमा शुरु भएको स्थायी कमिटी बैठकले महाधिवेशन चितवनमा गर्ने निर्णय गरेको हो ।

यसअघि एमाले महाधिवेशन बुटवलमा गर्ने तयारी थियो । तर, स्थायी कमिटी बैठकले चितवनमा गर्ने निर्णय गरेको हो । एमालेले १०-१२ मंसिरमा दशौं महाधिवेशन गर्दैछ ।

बैठकले महाधिवेशन गर्न मूल आयोजक कमिटी पनि गठन गरेको छ । रामबहादुर थापा बादल संयोजकत्वमा २१ सदस्यीय मूल आयोजक कमिटी गठन गरेको हो । सदस्यहरुमा योगेशकुमार भट्टराई, सुरेन्द्र पाण्डे, विष्णु रिमाल, काशीनाथ अधिकारी, डा राजन भट्टराई, देवी ज्ञवाली, विनोद श्रेष्ठ, सीता पौडेल, आनन्द पाखरेल, कपिल पोखरेल, विष्णुभक्त पोखरेल, पार्वती रावल सहित सात वटै प्रदेश र सम्पर्क कमिटीका प्रतिनिधि हुनेछन् ।

बैठकले तोकिएकै मितिमा वडा र स्थानीय पालिकाको अधिवेशन गर्ने निर्णय गरेको छ । तर बाढी पहिराबाट प्रभावित स्थानमा केही पर सर्न सक्ने सचिव प्रदीपकुमार ज्ञवालीले बताए । एमालेले वडास्तरमा यही कात्तिक ६ र पालिकास्तरमा कात्तिक ९ गते अधिवेशन गर्ने तय गरेको छ ।

बैठकमा १५-१७ असोजमा सम्पन्न प्रथम विधान महाधिवेशन भव्य र ऐतिहासिक भएको निष्कर्ष समेत निकालेको छ । महाधिवेशनले विचार तथा नीतिमा सर्वसम्मति हुनाका साथै भावनात्मक एकतासहित पार्टीमा नयाँ ऊर्जा प्रदान गरेको प्रवक्ता ज्ञवालीले बताए ।

चाडपर्वको नाममा फजुल खर्च नगरौं । संस्कृतिको संरक्षण र सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नउड्ने जहाजको मासिक खर्च सवा करोड



**विभा शर्मा/मध्यान्ह**
काठमाडौं, ४ कात्तिक ।

नेपाल वायुसेवा निगम (नेवानी) ले उडाउन छोडेका जहाजको लागि मासिक करिब सवा करोड रुपैंया खर्च गर्दै आइरहेको छ । यसैपनि आर्थिक समस्यासँग जुधिरहेको निगमको लागि करिब १५ महिनादेखि ग्राउन्डेड रहेका चीनबाट ल्याइएका ६ जहाजहरुको व्यवस्थापन थप चुनौतिपूर्ण बनेको छ ।

'संचालन खर्च धान्न नसक्ने' भन्दै निगम सञ्चालक समितिले २०७७ को साउन १५ गतेबाट ती ६ थान चिनियाँ जहाजलाई ग्राउण्डेट गरेको थियो । निगमले ती ६ वटै जहाज उडाउँदा तिनीहरुको लागि वार्षिक सञ्चालन खर्च करीब ५० करोड रुपैयाँ हुने, तर आम्दानी भने त्यसको आधा पनि नहुने अवस्था सिर्जना भएको भन्दै जहाज ग्राउण्डेट गर्नु परेको बताउँदै आएको छ । ग्राउण्डेट गरिएपछि ती जहाजलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङमा राखिएको छ । त्यसयताको अवधिमा निगमले ती जहाजहरुको बीमा र पार्किङ शुल्कको साथै जहाजका क्याप्टेन, कोपाइलट, एयरहोस्टेज तथा अन्य कर्मचारीको सेवा सुविधा गरि करिब १८ करोड ४६ लाख रुपैयाँ खर्च गरेको छ ।

निगमले चीनबाट ५६ सिट क्षमताका २ थान एमए-६० र १९ सिट क्षमताका ४ थान वाई-१२ ई जहाज अनुदान तथा खरिद गरेर ल्याएको थियो । २०७१ देखि २०७४ सम्मको अवधिमा चीन सरकारको दुई अर्ब ९४ करोड अनुदान र ३ अर्ब ७२ करोड ऋणमा ६ वटा जहाज नेपाल ल्याइएको थियो । त्यसको लागि १.५ प्रतिशत ब्याजमा चीनकै एक्जिम बैंकबाट नेपाल सरकारले ऋण लिएको थियो ।

निगम स्रोतका अनुसार, ग्राउन्डेड भएको करिब १५ महिनाको अवधिमा निगमले ती ६ वटा जहाजको बीमा बापत १८ करोड ११ लाख र विमानस्थलको पार्किङ शुल्कबापत ३४ लाख ९५ हजार गरी १८ करोड ४६ लाख रुपैयाँ खर्च गरिसकेको छ । यसरी निगमले ती जहाजवापत हरेक महिना १ करोड २३ लाखभन्दा बढी रकम खर्च गरिरहेको छ ।

निगमस्रोतका अनुसार चिनियाँ कम्पनीको एम बाँकी पृष्ठ २ मा

# मृतक संख्या सय नाघ्यो, ४० घाइते



अविरल वर्षापछि आएको बाढीले डुबेको धानबाली निकाल्दै सिराहाका किसान । तस्वीर: अरुणकुमार यादव, रासस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ कात्तिक

### विपत्ति अपडेट

३१ असोज देखि अविरल परिरहेको बेमौसमी वर्षापछि आएको बाढी, पहिरो र डुवानबाट मृत्यु हुनेको संख्या १०१ पुगेको छ । गृह मन्त्रालयका अनुसार, बिहीबार रातिसम्म बाढीपहिरो र डुबानमा परी देशभर १०१ जनाको मृत्यु भएको छ । बाढीपहिरोबाट प्रदेश-१ मा ६०, बागमतीमा एक, कर्णालीमा सात, सुदूरपश्चिममा ३१ र लुम्बिनी प्रदेशमा दुई जनाको मृत्यु भएको छ ।

प्रहरीले दिएको विवरणअनुसार प्रदेश-१ मा १९, कर्णालीमा ४ र सुदूरपश्चिममा १७ गरी ४० जना घाइते भएका छन् । घाइतेको स्थानीय अस्पताल उपचार भइरहेको छ । बाढीपहिरोमा परी प्रदेश-१ मा १३, प्रदेश-२ मा एक, लुम्बिनीमा तीन, कर्णालीमा एक र सुदूरपश्चिम प्रदेशमा २३ गरी जम्मा ४१ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले बताए ।

बाढीका कारण जम्मा दुई हजार २३२ वटा घर डुबानमा परेका छन् । बाढी पहिरोले ४९ घर, आठ गोठ, छ वटा पुल र तीन वटा सरकारी कार्यालयमा क्षति पुगेको जनाइएको । अहिलेसम्म १३९ पशु चौपायको मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट एक हजार १७७ परिवार विस्थापित भएका छन् ।साथै बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा सार्ने र पहिरामा पुरिएका धनमाल बाँकी पृष्ठ २ मा

# व्यवसायीका माग सम्बोधन गरिन्छ: मन्त्री श्रेष्ठ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ कात्तिक ।

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगार व्यवसायीले उठाउँदै आएको एजेण्डा समेट्ने आश्वासन दिएका छन् । मन्त्री श्रेष्ठले आन्तरिक रूपमा देखिएका समस्या समाधान गर्दै नेपालले रोजगार गन्तव्य मुलुकसँग गर्ने श्रम सम्झौतामा व्यवसायीहरुको एजेण्डा समेट्ने बताएका हुन् ।

बधाई तथा शुभकामना दिन मन्त्रालय पुगेका नेपाल वैदेशिक रोजगार व्यवासायी संघको प्रतिनिधिहरुसँग मन्त्री श्रेष्ठले यस्तो आश्वासन दिएका हुन् । बिहीबार मन्त्रालयमा भएको भेलामा संघका कार्यवाहक अध्यक्ष कमल तामाङले वैदेशिक रोजगार नेपाली अर्थतन्त्रको मेरुदण्ड भएपनि नेपालबाट कामदार पठाउने सन्दर्भमा अनावश्यक प्रक्रियागत झञ्झट रहेको बताए । अनावश्यक प्रक्रियागत झञ्झटकै कारण समयमा कामदार पठाउन समस्या रहेकाले मागपत्र प्रमाणीकरण र श्रम स्वीकृतिको प्रकृयामा रहेका समस्या समाधान गरिदिन उनले माग राखे ।

जवाफमा मन्त्री श्रेष्ठले युएईबाट फर्किएलगत्तै सबै राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायी तथा वैदेशिक रोजगार क्षेत्रका बिज्ञ समेतको सहभागीतामा वैदेशिक रोजगारका क्षेत्रमा गर्नुपर्ने तत्कालीन तथा दीर्घकालीन सुधारबारे छलफल गर्ने बताए । मन्त्री श्रेष्ठ केही दिनभित्रै आबुधावी डायलगको मन्त्रीस्तरीय बैठकमा भाग लिन जाने र त्यसलगत्तै कतारसँग श्रम सम्झौता नवीकरण गर्न दोहा जाने तयारीमा छन् ।

तर युएईबाट फर्किए लगत्तै वैदेशिक रोजगारका क्षेत्रका सरोकारवालाहरुसँग छलफल गर्ने मन्त्री श्रेष्ठले बताए ।

अक्टोबर २५ तारिखदेखि हने आबुधावी बैठकमा कामदार पठाउने तथा रोजगारी दिने १६ मुलुकका श्रम मन्त्रीले भाग लिदैछन् । बैठकमा वाली प्रोसेस, यूरोपियन यूनियन, गल्फ हेल्थ काउन्सिल, माईग्रेसन फोरम एशिया लगायत संघसंस्था पर्यवेक्षक छन् । उक्त बैठकका निर्णय र निर्देशन वैदेशिक रोजगारीको भर्ना प्रकृयालाई सरल बनाउने र आप्रवासी कामदारको अधिकार रक्षाका लागि महत्वपूर्ण मानिने गर्छ ।

### वैदेशिक रोजगार विशेष

## अनुवादक विदा बस्दा पुन: श्रम स्वीकृति रोकिने

काठमाडौं/मस- अरवी भाषा अनुवादक विदामा बस्दा वैदेशिक रोजगार कार्यालय ताहाचलमा पुनः श्रम स्वीकृतिको काम ८ दिन रोकिने भएको छ ।

विभागले सूचना जारी गर्दै भाषा अनुवादक मंसिर १० गतेदेखि १७ गतेसम्म घरायसी विदामा बस्ने भन्दै त्यस अवधिमा पुनः श्रम स्वीकृतिको काम नहुने बताएको छ ।

कार्यालयले पुनः श्रम स्वीकृतिका लागि अनलाइन फारम लिएका वैदेशिक रोजगारमा जाने कामदारहरूले ताहाचल बाहेकका श्रम कार्यालयमा सम्पर्क गरी पुनः श्रम स्वीकृति लिन आग्रह गरेको छ ।

## एनआरएनए विभाजनको संघारमा

**राजेश केसी/मध्यान्ह**
काठमाण्डौ ४ कात्तिक ।

विदेशमा रहेका नेपालीहरुको साझा संस्थाको रुपमा रहेको गैरआवासीय नेपाली संघ (एनआरएनए) विभाजन हुने संभावना तीब्र भएको छ । संघका अध्यक्ष र महासचिव लगायतका केन्द्रिय पदाधिकारीहरुले रोक्न खोज्दा खोज्दै पनि संघको एउटा पक्षले आउँदो आइतबार (अक्टोबर २४) मा राष्ट्रिय समन्वय परिषद (एनआरएनए एनसीसी) हरुको अन्तर्राष्ट्रिय भेला आयोजना गरेपछि संघ विभाजन उन्मुख भएको हो ।

अध्यक्ष पदका दावेदार कुल आचार्य समूहले संघको पछिल्लो परिस्थितिबारे छलफल गरी एउटा साझा धारणा निर्माण गर्न भन्दै उक्त भेला आयोजना आयोजना गरेको हो । संघका केन्द्रिय अध्यक्ष कुमार पन्त र महासचिव डा. हेमराज शर्माले भने एनसिसी पदाधिकारीहरुलाई बाँकी पृष्ठ २ मा

VACANCY

*Trendway International, One of the Reputed and Leading Recruitment Agency in Nepal is seeking applications from Qualified, Self Motivated, Energetic and Experienced Individuals to join the dynamic team.*

**Admin Officer - 2 M/F**
*Bachelor's Degree or Above.*

**PR Junior Officer - 2 M/F**
*+2 Clear or Above.*

**Front Desk Officer - 2 F**
*+2 Clear or Above.*

**Requirements:-**

1. Good Command in English and Hindi.
2. Excellent Knowledge In Computer (Photoshop, Microsoft Office with latest technology)
3. Smart and Good Personality
4. Age not Exceeding than 30 years
5. Capable in working strict management under high pressure.
6. Minimum of 3-5 years of experience in related field.
7. Female are highly encouraged to apply.

*Candidates meeting above criteria can apply with a CV and application Letter with Expected Salary in Email provided below by 30 October 2021.*

**Trendway International Pvt. Ltd.**
Mid Baneswor - Milanchowk | Mobile no.: 9869135555
Email: enquiry.trendwayinternational@gmail.com

### एमालेमा...

अझै मनोवैज्ञानिक र भावनात्म विभाजन रहेकाले यस्तो अभिव्यक्ति नदिन पन्तले अध्यक्ष ओलीलाई आग्रह गरेका थिए । "पार्टीभित्र मनोवैज्ञानिक र भावनात्मक विभाजन छ । त्यसलाई मेट्ने काम अध्यक्षको हैसियतमा तपाइँले नै पहलकदमी लिनुपर्छ", पन्तले भनेका थिए ।

पन्त पछि उपमहासचिव भूसालले पनि ओलीसँग यसबारे प्रश्न उठाएका थिए । भूसालले ओलीको अभिव्यक्तिमा नवौं महाधिवेशनको धङ्धडी बाँकी रहेको बताएका थिए। राजनीतिक पूर्वाग्रह नछोडेकैले एमाले विभाजित भएको उनको भनाइ थियो ।

पार्टीभित्रको असन्तुष्टि हल हुन नसक्दा २ भदौमा पूर्वप्रधानमन्त्री एवम् एमालेका पूर्वमहासचिव माधव नेपालको नेतृत्वमा नयाँ पार्टी बनेको छ ।

५५ केन्द्रीय सदस्य, २३ प्रतिनिधिसभा सदस्य, ५३ प्रदेशसभा सदस्य, एक हजार भन्दा बढी स्थानीय तहका जनप्रतिनिधि सहितले नेकपा (एकीकृत समाजवादी) गठन गरेका छन् ।

तर माधव नेपाल समूहमा रहेका १० जना स्थायी कमिटी नेता सहित ठूलो पंक्ति भने दश बुँदे सहमति गरी एमालेमै बसेका छन्। माधव नेपाल छोडेर दश बुँदे मार्फत् एमालेमै बस्नेहरुको मन बिझाउनेगरी ओलीले बोलेपछि फेरि खटपट देखिएको हो ।

### नउड्ने ....

ए-६० जहाजको दैनिक पार्किङ शुल्क २ हजार ५१४ रुपैयाँ र बीमा बापत दैनिक १ हजार ६१ अमेरिकी डलर खर्च हुने गरेको छ । त्यस्तै वाई-१२ ई जहाजको दैनिक पार्किङ शुल्क ६८५ रुपैयाँ र बीमाबापत दैनिक ३१५ अमेरिकी डलर भुक्तानी गर्नुपर्छ। जहाज उडान वा ग्राउन्डेड गरेर राखेपनि सम्वन्धित कम्पनीले विमानस्थल कार्यालयलाई पार्किङ र बीमा कम्पनीलाई बीमा शुल्क बुझाउनै पर्छ । पार्किङ शुल्क रुपैयाँमा भुक्तानी हुनेछ भने बीमा शुल्क डलरमा बुझाउनु पर्ने नियम छ । ती जहाज सञ्चालनको लागि नियुक्त कर्मचारीहरु, पाइटल तथा कोपाइलटलाई निगमले व्यवस्थापन गर्न नसक्दा उनीहरु पनि काम विहिन भएका छन् भने निगमले सेवा, सुविधावापतको रकम भने चुक्ता गरिरहनु परेको छ ।

'खर्च कटौती गरि निगमलाई चुस्त दुरुस्त रुपमा संचालन गर्नु पर्नेमा भएका जहाजलाई पनि थन्काएर उल्टै तिनीहरुको लागि मासिक करोडौं खर्च गर्नु भनेको निगमलाई थप तहस नहस पार्ने प्रयास हो । तर, यसबारेमा अर्थमन्त्रालय, पर्यटन मन्त्रालय लगायत सरोकारवाला कुनै पनि निकाय गम्भीर देखिएनन्' निगमका एक अधिकारीले नाम उल्लेख नगर्न अनुरोध गर्दै मध्यान्हसँग भने ।

जहाजको आम्दानीभन्दा खर्च बढी हुने स्थिति बनेपछि निगम व्यवस्थापनले जहाज ग्राउन्डेड गरि जहाज बिक्री वा भाडामा दिनका लागि अनुमति माग गर्दै गत चैत्र १३ गते अर्थ मन्त्रालयलाई पत्राचार गरेको थियो । तर, अर्थमन्त्रालयले झण्डै आठ महिनासम्म पनि निर्णय नदिएपछि आफूहरु नै मलमलमा परिरहेको निगमका अधिकारीहरुले बताउँदै आएका छन् ।

### मृतक...

निकालेर सुरक्षा गर्ने काम समेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा प्रहरीले गरिरहेको छ । विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य पनि जारी रहेको जनाइएको छ ।

### एनआरएनए...

पत्र पठाएर उक्त भेलामा कुनै पनि हालतमा सहभागी नहुन आव्हान गरेका छन् । एउटा पक्षले जसरी पनि भेला गर्ने र अर्को पक्षले कुनै पनि हालतमा भेला हुन नदिने प्रयास गरेपछि संघ विभाजनको अवस्थामा पुगेको हो ।

संघमा नेपालका राजनीतिक पार्टीहरुको हस्तक्षेपको कारण केही वर्षदेखि नै गुट उपगुटमा बाँडिदैं आएको छ। केही समयपछि हुन लागेको संघको केन्द्रिय निर्वाचनमा सत्तारुढ नेपाली कांग्रेस र माओवादीले आचार्यको पक्षमा लाग्न आफू समर्थकहरुलाई आव्हान गरिसकेका छन् भने प्रमुख प्रतिपक्षी दल एमालेले डा. बद्री केसीलाई समर्थन गरिसकेको छ ।

आइतबार केन्द्रिय समितिको विरोध बीच आचार्य पक्षले आयोजना गरेको भेलालाई अर्थपूर्णरुपमा लिइएको छ । यो बीचमा सहमतीको लागि केही पूर्व अध्यक्ष र संघका पदाधिकारीहरुले पहल गरे पनि भेला नरोकिए एनआरएन विभाजन भयो भनेर बुझ्दा हुने एनआरएनएका एक पदाधिकारीले मध्यान्हलाई बताए । 'नेपालका राजनीतिक पार्टीहरुका कारण एनआरएनए जस्तो संस्था पनि विभाजित हुने अवस्था आयो, यो निकै दुखद पक्ष हो' उनले भने ।

आइतबारको भेला सम्पन्न गर्न गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदहरुले एनआरएनए एनसीसी अमेरिकाका अध्यक्ष बुद्धिसागर सुवेदीको संयोजकत्वमा तयारी समिति गठन गरेका छन् । समितिका सदस्यहरुमा एनसीसी अष्ट्रियाकी अध्यक्ष भवानी तिवारी, एनसीसी बेलायतका अध्यक्ष प्रेम गाहा मगर, एनसीसी अष्ट्रेलियाका अध्यक्ष नन्द गुरुङ, एनसीसी क्यानाडाका अध्यक्ष दीपक गौतम, एनसीसी स्पेनका अध्यक्ष शालिकराम डुम्रे, एनसीसी कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमान, एनसीसी दक्षिण कोरियाका अध्यक्ष दीपक पुन मगर तथा एनसीसी दक्षिण अफ्रिकाका अध्यक्ष डा पुष्पराज भट्टराइ रहेका छन् । उनीहरु सबै एनआरएनएको अध्यक्षमा कुल आचार्यलाई जिताउनको लागि लविङ गर्दै आइरहेका व्यक्तिहरु हुन् ।

पक्षले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) लाई परराष्ट्र मन्त्रालयले पठाएका पत्रहरु, त्यसपछि उत्पन्न परिस्थिति र संघको महाधिवेशन स्थगन लगायतका विषयमा भेलामा छलफल गरिने जानकारी दिएका छन् ।

# किसानलाई राहत दिन चार किसान संगठनका माग

**काठमाण्डौ, मस ।**

विभिन्न पार्टी निकट चारवटा किसान संगठनहरुले संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै बाढी पहिरो बाट पीडितलाई राहत दिन माग गरेका छन् ।

अ.ने किसान महासंघ(अप्फा) क्रान्तिकारीका अध्यक्ष भैरबराज रेग्मी, अ.ने.किसान महासंघका अध्यक्ष सीताराम तामाङ्ग, अखिल नेपाल किसान यूनियनका अध्यक्ष लोकनारायण सुबेदी र अ. ने. प्रगतिशील किसान संघका इञ्चार्ज कृष्ण रानाले जारी गरेको संयुक्त विज्ञप्तीमा भनिएको छ- बितेको ३/४ दिनदेखिको नेपालव्यापी अबिरल बेमौसमी भीषण बर्षा र त्यसले उत्पन्न गरेको बाढी, पहिरो, डुबान र कटानले गर्दा देशमा ठूलो धनजनको क्षति भएको छ ।

बाटो र पुल पुलेसा भत्किएर आवात जावत बन्द भएको छ । यसबाट सबैभन्दा बढी क्षति नेपाली किसानको भएको छ । वास्तवमा यो राष्ट्रकै ठूलो नोक्सानी हो ।

बिपत्ती र क्षतिको यस घडीमा हामी राज्यले जनधनको क्षति भएका किसान परिबारको उद्धार, राहत, सुरक्षा तथा सम्पूर्ण किसान परिबारको सुनिश्चित भबिष्यका लागि युद्ध स्तरमा प्रभावकारी कदम चालोस् र किसानको सुरक्षित बर्तमान तथा सुनिश्चित भबिष्यका लागि तत्कालीन र दीर्घकालीन अग्रगामी र उन्नत नीति र कार्यक्रमको घोषणा गर्दै भूमि, कृषि र किसानका समस्या गरोस् भन्ने जोडदार माग गदर्छौं ।

## नेपालगंज नगर विकास समितिको कार्यालय
नेपालगंज,बांके

**सूचना संशोधन गरिएको सम्बन्धमा**

**प्रकाशित मिति: २०७८/०७/०५**

मिति २०७८/०६/१८ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित वाटरपार्क जग्गा एकिकरण आयोजना क्षेत्रको घडेरी बिक्रीका लागि बोलपत्र आव्हान सूचनामा तोकिएको बोलपत्र दस्तुर यस नेपालगंज नगर विकास समितिको कार्यालयबाट नगदै बुझाइ प्राप्त नगदी रसिद संलग्न गर्न सकिने र धरौटी वापतको तोकिएको रकम बराबरको बोलपत्र जमानत (बैक ग्यारेन्टी) समेत पेश गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## भूल सुधार

**मिति २०७८/०७/०४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षकको कम्पनी:** Yousef Abdullah Al-abbad General Contracting Est, **पुर्व स्वीकृत मिति: २०७८/०७/०२ र चलानी नं.: ६०१५५५६५ भएको विज्ञापनमा** LT. No.: 248804 **हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।**

Work Force Services Pvt. Ltd.
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०५/०४ मा दर्ता भएको प्रा. लि. नं. ७५३६७ को एम. एस. जी. मिडिया प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Air-Conditioner को अधिकतम बिक्री मुल्य MRP सम्बन्धि सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्रान्ड | मोडल | उत्पकिो मूलक/राष्ट्र | इकाई | प्रति एकाई मूल्य | अधिकतम खुद्रा मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Air-conditioner | इलेक्टिकल | Distar | DHA-2021-1TWB | चीन | पिस | 49361.93 | 49361.93 | |

**शेर्पा एड कम्पनी प्रा. लि.**
**बसुन्धारा काठमाडौं, नेपाल, फोन : ०१-४२४६११३**

## KUWAIT र SAUDI मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : TABCO INTERNATIONAL FOOD CATERING शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५६७३ LT. No.: 249025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew | 60 | 120 | स. काममा दक्ष | 160 | ६३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : GULF SAUDI COMPANY शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५६८७ LT. No.: 247013

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Keepers | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steward | 7 | 0 | | 1500 | ४७,७९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १२ गते (29 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg-Ward No:03, Basundhara
Tel: 01-4379749, 01-4379162, 01-4379450
Email: applyvnv@gmail.com | URL: www.vnvnepal.com

## साउदीमा रोजगार

१. कम्पनी: MASAFAT AL ABAAD FOR OPERATION AND MAINTENANCE शहर: Dammam
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५७९३ LT. No.: 245536

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 72 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: ROADS COMPLETION TRANSPORTATION EST. शहर: Alahsa
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५७९६ LT. No.: 248375

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: TECMO ARABIA COMPANY LTD. शहर: Dammam
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५७९८ LT. No.: 249049

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Vehicle Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cable Welder Electrician Assistant | 1 | 0 | | 1200 | ३८,२३२ | | | | | | | |

४. कम्पनी: ALSAYAD COMMERCIAL EST. शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५७९५ LT. No.: 248037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: AL HASA IDEAL SCHOOLS शहर: Al Hasa
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५७९७ LT. No.: 249050

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

६. कम्पनी: ISAM KHALIFA ALSMAEL COMMERCIAL EST. शहर: Alahsa
पूर्व स्वीकृत मिति: २०७८/०७/०४ चलानी नं.: ६०१६५७९९ LT. No.: 249052

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १२ गते (29 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal. Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

## Lamkichuha Municipality
### Office of the Municipal Executive
**Bhalka, Kailali**
**Sudurpaschim Province**

## Notice of Invitation for Online Bids

**Date of publication: 2078/07/05**

1. Lamkichuha Municipality Bhalka, Kailali invites electronic Bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges.

| S. N | Contract ID | Description | Estimated Amount ( NRs.) (Excluding VAT and Contingency) | bid security amount in Nrs | bid security validity period | bid document cost (Nrs) Non refundable |
|---|---|---|---|---|---|---|
| 1 | LCM/G/NCB/TB/078/079 | Procurement of Fabricated Steel Parts Patharaiya Dhanchaiya & Santitol KopilaSamudayak Ban Suspension Bridge | 2,610,687.65 | 78,320.00 | valid upto 90 days from the last date of bid submission | 3000.00 |
| Deadline for purchase of bid document | | | 2078/08/05 till Office hrs | | | |
| Deadline for bid submission | | | 2078/08/05 till 12:00 Hrs | | | |
| Online bid opening | | | 2078/08/05 , 14:00 Hrs | | | |
| Account No. for Bid Document Purchasing | | | **Name of the Bank:** Rastriya Banijya Bank Limited Lamki, Kailali<br>**Name of Office:** Lamkichuha Municipality , Bhalka, Kaillai<br>**Office Aantarik Rajaswa Khata no.: 450100301010002** | | | |
| Account No. for Bid security deposition | | | **Name of the Bank:** Rastriya Banijya Bank Limited Lamki, Kailali<br>**Name of Office:** Lamkichuha Municipality , Bhalka, Kaillai<br>**Office Dharauti Account no.:** 4450100303000002 | | | |

2. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfil the requirements.
3. Eligible Bidders may obtain further information at: **Lamkichuha Municipality Bhalka, Kailali, Email;lamkicm@gmail.com Phone no: 091- 419040 or may visit http://www.bolpatra.gov.np/egp.**
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. All the Bidders can submit the Bid electronically through National e-GP system of PPMO website http://www.bolpatra.gov.np/egp
6. **Lamkichuha Municipality** Kailali reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason. The information not provided here will be as per PPA 2063 and PPR 2064.

**Chief Executive Office**

# 'सडकका बेवारिसे कुकुरहरुका आश्रम बन्नुपर्छ'

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ४ कात्तिक



असरल्ल छरिएका बेवारिसे कुकुरहरु जम्मा गर्दै सामाखुसी, कपुरधारातिर बिहान बेलुकी दिनहुँ खाना खुवाइरहेका भेटिन्छन् सुरेश मानन्धर। उनी पकनाजोल ठमेलका स्थानीय वासिन्दा पनि हुन्। चितवन नारायणगढ पुर्खौली घर भएका श्रीमान राम गुरुङ र उनका पत्नी पारु गुरुङले यो सबै जुराइदिएका छन्। उनीहरु सामाखुसीस्थित घर बनाएर बसेका छन्। सुरेश मानन्धर उनीहरुलाई दाई, भाउजु मात्र हैन। बुवा आमानै मान्छन्। उनलाई दुःखको बेला भरसक सहयोग गरेका छन्। दिनहुँ ३ सय पचास देखि ४ सय कुकुरहरुलाई खाना पकाएर खुवाउनु त्यति सजिलो त छैन। तर उनको दैनिकीनै यहि हो। 'केहि वर्ष अघिदेखि उनी सोहि घरमा गाडी चालकको रुपमा काम गर्थे। तर व्यवहार राम्रो लाग्दै गएपछि उनले आफ्नै परिवारको जतिकै मायाँ पाउन थाले' मानन्धर भन्छन्।

३ देखि ४ सय कुकुरहरुलाई दिनहुँ बिहान बेलुकी मासुसहितको खानाको लागि दैनिक ३० किलोको एक बोरा चामल र बंगुर, राँगा, कुखुराको हड्डी, मासु, टाउको, खुट्टा, किमा मिलाएर २० देखि २५ किलो मासु सराबरी राख्छन्। भाउजु पारु गुरुङले दिनहुँ पकाइदिने गर्छिन् भने मानन्धर बाँड्ने काम गर्छन्। मानन्धर सँगै अर्का एकजना सहयोगी भाई पनि छन्। बाँकी समय उनी गाडी चलाउँछन्। दाईलाई अफिस पुऱ्याउँछन्। दाई राम गुरुङ गोरखापत्र संस्थानमा जगिरे छन् भने भाउजु पारु बाटोमा अलपत्र अवस्थाको बिरामी कुकुरहरु घरमा लगेर उपचार पछि घरैमा राखेर पालन पोषण गर्छिन्। त्यस अलावा काग, परेवा र बिरालोहरुलाई पनि खाना खुवाउने काम गर्छिन्। तिनीहरुलाई छुट्टै कुखुराको पाङ्ग्रा र कलेजोको व्यवस्था गर्छिन् भने परेवालाई चामल दिने गरेका छन्। दिनको ५ किलो कलेजो पाङ्ग्राहरु भ्याली कोल्ड स्टोर नयाँबजार देखि ल्याउँछिन्। बाँकी बसेको कुकुरलाई नै खुवाउँछिन्। प्रायःजसो हड्डीहरु बोनलेस गरिएका र फ्रोजन म.म को लागी मासु प्रयोग गरेर निकालिएको हुने भएकोले कोल्डस्टोरबाटै आउने गरेको मानन्धर बताउँछन्।

बेवारिसे कुकुरहरुलाई खाना खुवाउने क्षेत्र पनि छुट्याइएको छ। कपुरधारा, सामाखुसी, गल्कोपाखा, सगरमाथा टोल, म्हैपी एरिया, वहर्टी पोखरी एरिया, ग्राण्डी अस्पताल एरिया, टोखा हुँदै भुतखेल एरियासम्म पुग्छन्। बिहान बेलुकी गाडीमा खाना राखेर बाँड्न जाने गरेको छ भने नजिकमा ट्रलिमा राखेर ख्वाउने गरेको मानन्धर बताउँछन्।

पारुका अनुसार वर्षको ३ सय ६५ दिननै अटुट रुपमा खाना खुवाउने गरेकोले दशैं, तिहार कुनैपनि समय नछुट्ने र तिहारमा बिशेषगरी कुकुर तिहारमा सबै कुकुरहरुलाई फूलमाला पहिऱ्याई पुजाआजा गर्ने गरेको पनि बताए। दिनहुँ खाना बाँड्ने क्रममा आगन्तुक कुकुरहरु पनि आउने गरेको र आगन्तुक कुकुरहरु दिनहुँ खाना खान पाएपछि नफर्किने गरेको त्यसरी नफर्कदा कुकुरहरुको संख्या बढ्न गएको बताउँछिन्।

पहिले ५० जना जति कुकुरहरु थिए। अहिले कुकुरहरु बढेर ४ सयको हाराहारीमा रहेको बताइन्। कुकुरहरु वेवारिसे मात्र हैनन्। मानविय भावना नभएका मानिसहरु पनि कुकुर पालेर बुढो भएपछि सडकमा लावारिसे तरिकाले छाडिदिने गर्दा कुकुरको संख्या थप बढ्न गएको हो। दया नभएका मानिसहरुले कुकुर त पाल्छन् तर कुकुरलाई रोग लागेपछि अथवा दुर्घटना भएर अंगभंग भएपछि स्याहार गर्नको झन्झटले अमानविय तरिकाले सडकमा ल्याएर छाड्ने गरेको र त्यस्ता व्यक्तिहरुलाई कडा भन्दा कडा कारबाही गर्नुपर्ने उनी बताउँछिन्। कोहि रहरले पाल्छन अनि पाल्न सकेनन् भने बाटोमा ल्याएर छोड्छन। घरमा कुकुरले धेरै दुःख दिन थाल्योभने बाटोमै ल्याएर छाड्छन। कुकुरले टोकेर कोहि मानिस घाइते बनाएर उपचार खर्च ब्यहोर्नुपऱ्यो भने, कुकुर पाल्दा छरछिमेकी सँगको झगडाको रिसले बेवारिसे बनाई बाटोमा ल्याएर छाड्छन्। यसरी जथाभाबी तरिकाले छाड्दा बेवारिसे कुकुरहरु बढ्दै गइरहेको छ।

उनले बेवारिसे कुकुरहरुलाई खाना खुवाउन थालेको ११ वर्ष टेक्दासम्म सरकारको आँखा यहाँसम्म नपर्नु चाहिँ उनलाई दुःख लाग्दो रहेछ। आफुले खाई नखाई सडकमा अलपत्र छाडिएका बेवारिसे कुकुरहरुको भोक मेटाउन यतिसम्म गरेका उनलाई सरकारले कम्तीमा बेवारिसे कुकुरहरुलाई व्यवस्थापन गरिदिए राम्रो हुन्थ्यो भन्ने लाग्दो रहेछ। नभए कम्तीमा खानपानको मात्र ब्यवस्थापन गरिदिएपनि हुन्थ्यो।

कुकुरहरुको लागि धेरै दुःख झेलेका उनका दम्पती अहिले कुकुरहरुका उपचारका सबै सामानहरु गाडीमै बोकेर हिँड्ने गरेका छन्। पशुका स्वास्थ्यकर्मी बोलाउँदा समयमा नआउने, आएपनि चर्को शुल्क लिने जस्ता ब्यवहारले दिक्क बनेका यी दम्पती खाना बाँड्दा भेटिएका घाइते कुकुरहरु आफैँ उपचार पनि गर्छन्।

सात दिदी बहिनीमध्ये माहिली उनी सबै दिदिबहिनी विदेशमा भएकोले बेवारिसे कुकुरहरु पाल्न धेरै सहज भएको बताउँछिन्। उनलाई बाहिरबाट धेरै सहयोग भएकोले यतिसम्म गर्न सकेको नत्र घरै बेचेर हिँड्नु पर्थो होला उनी भन्छन्। अहिले उनको काम देखेर केहि केहि मानिसहरुले घरमै आएर केहि बोरा चामलहरु सहयोग गर्न थालेका छन्।

उनका अनुसार सरकारले बेवारिसे कुकुरहरुको लागी एउटा आश्रम चलाइदियो भने उनी मरेर गएपनि कुकुरहरुले सुख पाउने बताउँछिन्। 'पशुहरुको हकहितको लागि बोलिदिने संस्था छैन तर पशुहरुबाट पैसा कमाउने संस्था थुप्रै छ' उनी भन्छिन्। अहिले सडकमा छाडा छोडिएका कुकुरहरुलाई सरकारी स्तरवाट बन्ध्याकरण गरिदिएपनि धेरै राहत पुग्ने बताउँछिन्। तर विभिन्न संघसंस्थाले सरकारी वा विदेशी डलर पचाउनको लागी ५,७ वटा कुकुर जम्मा गरेर फोटो खिचाएको भरमा संस्था चलाइरहेका छन् तर हामी दिनहुँ यहि कुकुरहरुको लागि खट्छौँ। यहाँ कसैको दुईपैसा सहयोग आउँदैन।

# कोरोना संक्रमणमुक्त हुने दर ९७.२ प्रतिशत

काठमाडौं/मस- नेपालमा कोरोना संक्रमणमुक्त हुने दर ९७.२ प्रतिशत रहेको पाइएको छ। बिहीबार नेपालमा थप ७ सय २६ जना संक्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुनेको संख्या सात लाख ८४ हजार ८८१ रहेको छ।

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको संक्रमण ५४५ मा देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार आठ हजार ५४९ जनामा कोरोना परीक्षण गर्दा सो संख्यामा संक्रमण पाइएको हो।

हालसम्म देशभर सक्रिय संक्रमित ११ हजार ३१५ जना रहेका छन्। पाँचसय भन्दाबढी संक्रमित भएका जिल्ला चार र २०० भन्दाबढी संक्रमित भएका जिल्ला १५ रहेका छन्। पाँचसयभन्दा बढी संक्रमण हुने जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर र कास्की रहेका छन्। संक्रमण दर १८.६ प्रतिशत रहेको छ। संक्रमित शून्य रहेका जिल्ला मुस्ताङ र मुगु रहेका छन्।

बिहीबार कोरोना संक्रमणबाट आठ जनाको निधन भएको छ। अहिलेसम्म संक्रमणबाट ११ हजार ३२६ जनाको निधन भएको छ। बिहीबार २३ हजार ५६८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८५ लाख ८१ हजार १९५ पहिलो मात्रा र ६५ लाख ४६३ पूर्ण मात्राको खोप लगाइसकेका छन्।

---

**नेपाल सरकार**
**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना**
**सानोठिमी, भक्तपुर**

**कार्यक्रम संचालित जिल्लाहरुः जाजरकोट, डोटी, दार्चुला, अछाम, बझाङ र बाजुरा**

- मुख्य उदेश्य खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरुको समुदायिक विद्यालयका बालबालिकाहरुलाई आधारभुत शिक्षाको पहुँचमा अभिवृद्धि गर्न तथा विद्यार्थीहरुको पोषण र स्वस्थ्य स्थितिमा सुधार ल्याउने।
- कार्यक्रम संचालित जिल्लाहरुका सामूदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ५ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई प्रति दिन प्रति विद्यार्थी (चामल ८० ग्राम, दाल २० ग्राम, तेल १० ग्राम र नुन २ ग्राम) गरी जम्मा ११२ ग्राम खाद्यान्नबाट विद्यालयमानै खाजा पकाई खुवाउने कार्यक्रम रहेको छ।

**कार्यालय प्रमुख**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०६०/१०/२१ मा दर्ता भएको **प्रा.लि. नं. २६९९९** को **उपभोक्ता मसला उद्योग प्रा.लि.**, नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१)(क) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०६३/०२/२२ मा दर्ता भएको **प्रा.लि. नं. ३९७४३** को **फेभरेवल बिजनेश प्रा.लि.**, नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**कम्पनीको नाम र ठेगाना परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/०७/०५**

यस कम्पनीको मिति २०७५/०५/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **गणेश द नेक्स्ट एजुकेशन फाउण्डेशन प्रा.लि.** (Ganesh The Next Education Foundation Pvt. Ltd.), **पोखरा लेखनाथ उप.म.न.पा.–४, कास्की** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०५/३१ को निर्णयानुसार कम्पनीको नाम र ठेगाना परिवर्तन गरि **नेक्स्ट एजुकेशन फाउण्डेशन प्रा.लि.** (Next Education Foundation Pvt. Ltd.) **(प्रा.लि. नं ११६२१५)**, **पोखरा लेखनाथ म.न.पा.–९, कास्की** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

---

## Khandbari Municipality
### Office of The Municipal Executive
Khandbari, Sankhuwasabha
Province No.1, Nepal

### Invitation for Sealed Quotation

Date of 2nd Publication: 2078/07/05(2021 Oct. 22)

1. *Khandbari Municipality, Sankhuwasabha* invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (Without Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs.(Not refundable) | Remark |
|---|---|---|---|---|---|
| KMO/SQN/GOODS/05/078/079 | Fabrication of Shimle Bardeu Trail Bridge | 8,71,251.01 | 25,000.00 | 1,000.00 | |
| KMO/SQN/GOODS/06/078/079 | Fabrication of Hangchuwadovan Trail Bridge | 11,26,325.84 | 33,000.00 | 1,000.00 | |

2. Details of Bid:

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Purchase of Bid | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|---|
| Fabrication of Shimle Bardeu Trail Bridge (KMO/SQN/GOODS/05/078/079) | 45 Days after bid opening (2078-09-08) | 30 days beyond Bid Validity Period ( 2078-10-08) | 2078-07-22 During Office Hour | 2078-07-23, 12:00 Hrs. | 2078-07-23, 13:00 Hrs | Electronics Bid Only. |
| Fabrication of Hangchuwadovan Trail Bridge (KMO/SQN/GOODS/06/078/079) | 45 Days after bid opening (2078-09-08) | 30 days beyond Bid Validity Period ( 2078-10-08) | 2078-07-22 During Office Hour | 2078-07-23, 12:00 Hrs. | 2078-07-23, 13:00 Hrs | Electronics Bid Only. |

3. For Further Details bidders are requested visit website www.khandbarimun.gov.np or notice board of Khandbari Municipality Office or may visit PPMO egp system *www.bolpatra.gov.np/egp.*
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijjya Bank, Branch Office, Sankhuwasabha
   Name of Office: Khandbari Municipality Office
   Office Code Number: 365-05-11
   Office Account Number: 2080100301010002 (Internal Rajaswa Account)
   Dharauti Khata Number: 2080100303000002
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Fabricators must be enlisted in **Department of Local Infrastructure (DoLI).**
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

**साउदीमा रोजगार | कम्पनीः Tameer Hajar Contracting Est**
शहरः Dammam

पुर्व स्वीकृत मितिः २०७८/०७/०४ | चलानी नं.: ६०१६५७९४ | LT. No.: 248309

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building carpenter assistant | 12 | 0 | स. काममा दक्ष | 1200 | ३८,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १२ गते (29 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

---

**साउदी र यूएईमा रोजगारको अवसर**

**1. CREATIVE WAYS (AL TURAQ AL MUBTAKARH CONT. EST), Saudi Arabia**
पूर्व स्वीकृती मितिः २०७८/०५/०९ | L T. No. 244025 | चलानी नं. ६०१६१८६८

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | LABOUR | 14 | साधारण | 1000 | ३२,०२०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष | अन्तरवार्ता |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १२, १३ गते (29 & 30 Oct. 2021) मा हुनेछ।

**2. RSK SECURITY SERVICES, UAE**
पूर्व स्वीकृती मितिः २०७८/०६/१८ | L T. No. 247568 | चलानी नं. ६०१६४७४०

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | SECURITY GUARD | 25 | साधारण | 1800 | ५८,८६०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छैन | २ वर्ष | अन्तरवार्ता |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १२ देखि १५ गते सम्म (29 Oct. to 01 Nov. 2021) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | साउदी : १०,००० यूएई : निशुल्क | साउदी : १०,००० यूएई : निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला।

Himal Int'l Recruitment Service Pvt. Ltd.
**हिमाल इन्टरनेशनल रिक्रुटमेन्ट सर्भिस प्रा. लि.**
सामाखुसी, काठमाडौं। Phone No.: 01-4387976, 4387760
9818602821, 9851092791, 9867546631
Lic. No.: 1272/074/075

---

**BAHRAIN र SAUDI मा रोजगार** | १. कम्पनीः AL GHALIA WLL
शहरः Bahrain

पूर्व स्वीकृत मितिः २०७८/०७/०४ | चलानी नं.: ६०१६५७०२ | L.T. No.: 248511

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BHD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४७,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 10 | | 150 | ४७,५४५ | | | | | | | |
| 3. | Cashier | 5 | 5 | | 150 | ४७,५४५ | | | | | | | |
| 4. | Barista | 10 | 0 | | 150 | ४७,५४५ | | | | | | | |
| 5. | Commis 1 | 10 | 0 | | 180 | ५७,०५४ | | | | | | | |
| 6. | Commis 2 | 10 | 0 | | 160 | ५०,७१५ | | | | | | | |
| 7. | Commis 3 | 10 | 0 | | 130 | ४१,२०६ | | | | | | | |
| 8. | Demi Chef | 10 | 0 | | 200 | ६३,३९४ | | | | | | | |

२. कम्पनीः MDAR FOOD COMPANY LTD. | शहरः KSA - Khobar - Alulaia
